निर्णय नं. :- २

आ.व.०७५/७६ तथा आगामी आ.व.०७६/०७७ मा भोटखोला गाउँपालिका अन्तरगत अनुमानित चालु तथा पुँजिगत खर्च तर्फ देहाय अनुसारका योजना/आयोजना तथा कार्यक्रमहरुमा शिर्षकगतरुपमा रकम विनियोजन गर्ने निर्णय पारित गरियो ।

**गाउँपालिका स्तरिय योजना/आयोजना तथा कार्यक्रम : ०७५/७६ र ०७६/७७**

(क) चालु खर्च तर्फ :- रु २,५०,००,०००।-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | तलब | ४७,४०,०००.०० | |
| २ | स्थानीय भत्ता | ९,००,०००.०० | |
| ३ | मंहगी भत्ता | ८,००,०००.०० | |
| ४ | अन्य भत्ता | २,००,०००.०० | |
| ५ | पोशाक भत्ता (कार्यपालिका पदाधिकारी सहित) | ५,६०,०००.०० | |
| ६ | कार्यालयसम्वन्धी खर्च | १४,००,०००.०० | |
| ७ | इन्धन खर्च | ४,००,०००.०० | |
| ८ | संचार खर्च | ३,५०,०००.०० | |
| ९ | विमा तथा नवीकरण खर्च | २,००,०००.०० | |
| १० | संचालन तथा मर्मत सम्भार खर्च | ७,००,०००.०० | |
| ११ | घर भाडा | ६,५०,०००.०० | |
| १२ | कार्यक्रम खर्च | ३,००,०००.०० | |
| १३ | बैठक भत्ता | १५,००,०००.०० | |
| १४ | पदाधिकारी भ्रमण खर्च | ४,००,०००.०० | |
| १५ | भ्रमण खर्च | २४,००,०००.०० | |

| | | | |
|---|---|---|---|
| १६ | ढुवानी | ७,००,०००.०० | |
| १७ | अनुगमन तथा मूल्याङकन खर्च | ५,००,०००.०० | |
| १८ | थप पारिश्रमिक | ६,००,०००.०० | |
| १९ | पदाधिकारीहरुको भत्ता | ४२,००,०००.०० | |
| २० | विविध खर्च | १५,००,०००.०० | |
| २१ | अन्य सेवा शुल्क | २०,००,०००.०० | |
| | **जम्मा** | २,५०,००,०००.०० | |

(१) **स्वास्थ्य तर्फ :-** रु ३५,५२,८९०/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | अ.न.मी. तलब भत्ता | रु १३,५१,४७०/- | |
| २ | अ.हे.ब. तलब भत्ता | रु १,७६,४२०/- | |
| ३ | कार्यालय सहयोगी त.भ | रु ३,३८,०००/- | |
| ४ | औषधी खरिद/ढुवानी | रु ४,००,०००/- | |
| ५ | न्यानो झोला खरिद/ढुवानी | रु ४०,०००/- | |
| ६ | ल्याव संचालन तथा व्यवस्थापन | रु ४,००,०००/- | |
| ७ | अक्सिजन खरिद/ढुवानी | रु २,००,०००/- | |
| ८ | बाह्य खोप क्लिनिक भवन निर्माण | रु २,००,०००/- | |
| ९ | महिला स्वास्थ्य स्वयंम सेवी यातायात खर्च | रु २,४७,०००/- | |
| १० | अर्धवार्षिक.तथा वार्षिक समिक्षा गोष्ठी | रु २,००,०००/- | |

२) शिक्षा तर्फ :- रु २६,२४,४२०/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री हिमालय आ.वि.किमाथांका शिक्षक तलब | रु २,८८,२१०/- | |
| २ | ज्योती आ.वि.रिदाक शिक्षक तलब | रु २,८८,२१०/- | |
| ३ | हेमा बाल विकास शिक्षक तलब | रु २,१५,०००/- | |
| ४ | शान्ती नि.मा.वि शिक्षक तलब | रु ३,०५,५००/- | |
| ५ | गुवाछेसा नि.मा.वि.शिक्षक तलब | रु ३,०५,५००/- | |
| ६ | पोप्टी भन्ज्याङ नि.मा.वि.शिक्षक तलब | रु ३,०५,५००/- | |
| ७ | बरुण नि.मा.वि.शिक्षक तलब | रु ३,०५५००/- | |
| ८ | अरुणोदय उच्च मा.वि. (नि.मा.स्तर) कम्प्युटर शिक्षक तलब | रु ३,०५,५००/- | |
| ९ | कृष्ण मा.वि.(नि.मा.स्तर) कम्प्युटर शिक्षक तलब | रु ३,०५,५००/- | |

(३) **सौर्य उर्जा तथा लघुविधुतिकरण तर्फ** :- रु १,०६,००,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | याक्वेक, पाङसिमा,फिरफिरे,खानी,गुफाडाँडा,र ताक्चेवा सोलार/ढुवानी | रु १७,५०,०००/- | |
| २ | हिक्चु खोला लघुजलविधुत निर्माण आयोजना | रु ३१,५०,०००/- | |
| ३ | मान्दो खोला लघुजलविधुत निर्माण योजना | रु ५७,००,०००/- | |

(४) **खानेपानी तथा सरसफाई तर्फ** :- रु ५३,५०,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | हटिया बृहत खानेपानी निर्माण योजना गाउँपालिका कार्यालय समेत | रु २०,००,०००/- | |
| २ | किमाथांका बृहत खानेपानी निर्माण योजना वडा कार्यालयलाई समेत | रु २४,००,०००/- | |
| ३ | गौरुङ गाउँ खानेपानी निर्माण योजना | रु ३,००,०००/- | |
| ४ | भिसिङचेमा खा.पा. निर्माण योजना | रु ३,००,०००/- | |
| ५ | ठोङदेक खा.पा. निर्माण योजना | रु ३,५०,०००/- | |

(५) **तटबन्ध तथा बाढिपहिरो नियन्त्रण तर्फ** :- रु २५,००,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | घेच्याक खोला तटबन्ध तथा बाटो निर्माण | रु २५,००,०००/- | |

(६) मठमन्दिर/गुम्बा एवं साँकृतिक संरक्षण तथा सरसफाई तर्फ :- रु ३२,२०,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | मेन्डुङ गुम्वा भवन निर्माण | रु ११,००,०००/- | |
| २ | याङगुठी गुम्वा मर्मत योजना | रु ८,००,०००/- | |
| ३ | हटिया तातोपानी संरक्षण योजना | रु ९,७०,०००/- | |
| ४ | बरुण नदी/मन्दिर र गुम्वा सरसफाई कार्यक्रम खच | रु १,५०,०००/- | |
| ५ | घाङरी मण्डली कम्पाउण्ड तारबेरा योजना | रु २,००,०००/- | |

(७) भवन तर्फ :- रु २,१९,००,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | चेपुवा स्वास्थ्य चौकी भवन निर्माण | रु ८,००,०००/- | |
| २ | रिदाक सामुदायिक स्वा.ई.भवन निर्माण | रु ८,००,०००/- | |
| ३ | तुङखालिङ सामुदायिक स्वा.ई. भवन निर्माण | रु १०,००,०००/- | |
| ४ | बालकल्याण आ.वि.भवन निर्माण योजना | रु ३,००,०००/- | |
| ५ | शिशु रक्षा आ.वि. भवन निर्माण | रु ४,००,०००/- | |
| ६ | शान्ती नि.मा.वि.ट्रस ढुवानी | रु ७,००,०००/- | |
| ७ | बर्थिङ सेन्टर बार्दली तथा पेटी निर्माण योजना | रु ५,००,०००/- | |
| ८ | अरुणोदय आ.वि.च्याम्ताङ भवन निर्माण योजना | रु २,००,०००/- | |
| ९ | लिङगम आमा समुह भवन प्लाष्टर | रु ५००००० /- | |
| १० | सामुदायिक भवन निर्माण छुमुसुर | रु ८,००,०००/- | |
| ११ | सिद्रकाली आ.वि.पुरानो भवन प्लास्टर | रु ४,००,०००/- | |
| १२. | गाउँपालिका भवन निर्माण | रु १,५०,००,०००/- | |
| १३ | लुम्सुम नागरिक सचेतना केन्द्र भवन निर्माण | रु ५,००,०००/- | |
| १४ | अरुणोदय आ. वि. च्यामताङ कोठा प्लाष्टर योजना | रु २,००,०००/- | |

(८) कृषि सडक तथा घोरेटो बाटो तर्फ :- रु ४३,७५,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | कृषि सडक सर्भे | रु १०,००,०००/- | |
| २ | गोरीङ देखी नामासे सम्म घो.बा.निर्माण | रु ७,००,०००/- | |
| ३ | जेलोङ, फिरफिरे हुदै डाडा गाउँ सम्म बाटो निर्माण | रु २,५०,०००/- | |
| ४ | तिव्वत सिमाना देखी ओखरबोट सम्म सिडी निर्माण | रु १५,००,०००/- | |
| ५ | ओप्सेरेक घो.बा. मर्मत | रु १,००,०००/- | |
| ६ | छोथांका देखी गुवाछेसा नि.मा.वि.सम्म सिडी सहित घो.बा. निर्माण | रु ५,००,०००/- | |
| ७ | माडमाक भीर बाटो निर्माण | रु ३,२५,०००/- | |

(९) कृषि/पशु स्वास्थ्य तर्फ :- रु ९,००,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | उन्नतकिट तथा मिनी किट विऊ वितरण कार्यक्रम | रु २,५०,०,००/- | |
| २ | अगुवा कृषक तालिम | रु १,५०,०००/- | |
| ३ | भेटनरी औषधी खरिद | रु ५,००,०००/- | |

(१०) वन तथा वातावरण तर्फ :- रु ३,००,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला वन कार्यालय अन्तरगत गठन भएका सा.वनहरुको नविकरण खर्च | रु ३,००,०००/- | |

(११) पर्यटन तर्फ :-

रु २,५०,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | मकालु अरुण उपत्यका पर्यटन प्रर्वद्वन | | |
| २ | सरोकारवाला संग अन्तरकिया कार्यक्रम | रु ९०,०००/- | |
| ३ | गाउँपालिका स्तरिय कार्यशाला गोष्ठी | रु १,००,०००/- | |
| ४ | सामाग्री खरिद | रु ६०,०००/- | |

(१२) दैवी प्रकोप तर्फ :-

रु २०,००,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | दैवी प्रकोप राहत कोष स्थापना | रु २०,००,०००/- | |

(१३) सवारी साधन खरिद तर्फ :-

रु ५९,००,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय प्रयोजनको लागी गाडी (महेन्द्र स्कापीयो डबल क्याप) १ खरिद | रु ५५,००००० /- | |
| २ | स्कुटर खरिद | रु ४,००,०००/- | |

(१४) मानब संसाधन तथा क्षमता विकास तर्फ :- रु ३८,८०,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | कार्यपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको अध्ययन भ्रमण | रु १०,००,०००/- | |
| २ | ई-हाजिरी गाउँपालिका कार्यालय | रु २,००,०००/- | |
| ३ | प्राविधिकहरुको क्षमता विकास तालिम | रु १,००,०००/- | |
| ४ | नागरिकता, अपाङग,स्वास्थ्य शिविर संचालन | रु ५,००,०००/- | |
| ५ | सफ्टवेयर खरिद कार्यक्रम | रु ८,००,०००/- | |
| ६ | ग्रुप एसएमएस स्टिम खरिद | रु ५०,०००/- | |
| ७ | भिलेज प्रोफाइल निर्माण | रु १०,००,०००/- | |
| ८ | आइसीटी सचेतना कार्यक्रम | रु ५०,०००/- | |
| ९ | कम्प्युटर ढुवानी | रु ५०,०००/- | |
| १० | जीआईएस म्याप निर्माण | रु १,३०,०००/- | |

(१५) सामाजिक विकास तथा लक्षित वर्ग तर्फ :- रु १,६३,००,०००/-

| क.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | उपाध्यक्ष संग महिला कार्यक्रम | रु १५,००,०००/- | |
| २ | लिङगम भोटे समाजको सामग्री खरिद | रु २,५०,०००/- | |
| ३ | अरुण उत्तर आमा समुह गोला | रु २,००,०००/- | |
| ४ | आई. सि. यु. मा उपचार गराई रहेका भोटखोला ३ बस्ने अति विपन्न श्री दोर्ची भोटेलाई आर्थिक सहायता | रु ५०,०००/- | |
| ५ | अपाङग शिपमुलक तालिम | रु ३,००,०००/- | |
| ६ | सामाजिक सुरक्षा भत्ता | रु १,४०,००,०००/- | |

**निर्णय नं. :-३**

आ.व. ०७५/७६ मा यस गाउँपालिमा लाई प्राप्त वित्तिय समानिकरण अनुदान रु ६,००,००,०००/- अक्षरेपी रु छ करोड र गत बर्षको मौज्दात रु १,६२,००३३६/६४ जम्मा रु ७,६२,००३३६/६४. मध्ये अन्तरगतका वडाहरुमा दिईएको बजेट सिलिङ रु ३,००,००,०००/- अक्षरी रु तिन करोड तथा चालु खर्च रु २,५०,०००००/-अक्षरी रु दुई करोड पचास लाख कट्टा गरि बाँकी हुने रु २,१२,००३३६/६४(अक्षरी रु दुई करोड बाह्र लाख तिन सय छत्तीस पैसा

चौसठी) रकम बाट देहाय अनुसारका योजना/आयोजना तथा कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | शीर्षकहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | किमाथांका बृहत खा.पा.योजना | रु २४,००००० /- | |
| २ | सामुदायिक स्वा.ई. भवन निर्माण | रु ८,००,००० /- | |
| ३ | शान्ती नि.मा.वि.ट्रस सामान ढुवानी | रु ७,००,००० /- | |
| ४ | अरुणोदय आ.वि.च्याम्ताङ भवन मर्मत | रु २,००,००० /- | |
| ५ | छुमुसुर सार्वजनिक भवन निर्माण | रु ८,००,००० /- | |
| ६ | हिक्चु खोला ल.ज.वि.निर्माण योजना | रु १५,००,००० /- | |
| ७ | पिलिङ खोला काठे साँगु | रु २,००००० /- | |
| ८ | घेच्याकं खोला काठे पुल तटबन्ध तथा बाटो निर्माण | रु २५,००,०००० /- | |
| ९ | हटिया बृहत खा.पा.भोटखोला गाउँपालिका कार्यालय समेत | रु.२०,००,०००० /- | |
| १० | मान्दो खोला ल.ज.वि. निर्माण योजना | रु ३०,००,०००० /- | |
| ११ | मेन्डुङ गुम्बा भवन निर्माण | रु ११,००००० /- | |
| १२ | बालकल्याण आ.वि. भवन निर्माण | रु ३,००,००० /- | |
| १३ | तुङखालिङ सामुदायिक स्वा.ई.भवन निर्माण | रु १०,००००० /- | |
| १४ | शिशु रक्षा आ.वि. भवन निर्माण | रु ४,००,००० /- | |
| १५ | सोलार खरिद | रु १७,५०,००० /- | |
| १६ | उपाध्यक्ष संग महिला कार्यक्रम | रु १५,००,००० /- | |
| १७ | सिद्वकाली आ.वि. पुरानो भवन प्लाष्टर | रु ४,००,००० /- | |
| १८ | बरुण नदी,मन्दिर, गुम्बा सरसफाई कार्यक्रम | रु १,५०,००० /- | |
| १९ | ओप्सेरेक बाटो निर्माण | रु १,००,००० /- | |
| २० | छोथांका देखी गुवाछेसा निमावि सम्म सिडी निर्माण | रु ५,००,००० /- | |
| २१ | कृषि भेटनरी कार्यक्रम खर्च | रु ९,००,००० /- | |
| २२ | माङमाक भीर बाटो निर्माण | रु ३,२५,००० /- | |
| २३ | हटिया तातो पानी संरक्षण कार्यक्रम | रु ९,७०,००० /- | |
| २४ | गत वर्षको भुक्तानी | रु १,४०,२२,००० /- | |
| २५ | कोलेनिका फिर्ता रकम | रु ११,०३,१२५ /- | |
| २६ | अरुणोदय आ. वि. च्याम्ताङ कोठा ढलान· | रु २,००,००० /- | |

| | | | |
|---|---|---|---|
| २७ | चेपुवा स्वास्थ्य चौकी बर्थिङ सेन्टर व्यवस्थापन | रु २,००,०००/- | |
| २८ | विविध | रु ४३,३१,२५१/६४ | |

**पुनश्चः** विविधमा रहेको रकम रु ४३,३१,२५१/६४ अक्षरेपी सठसठ्ठी लाख एकतीस हजार दुईसय एकाउन्न पैसा चौसठी मात्र आन्तरिक आम्दानी (भूमीकर), रजिष्ट्रेशन शुल्क, कर, दस्तुर, राजश्व तथा पर्यटन शूल्क प्राप्त हुन आएमा कार्यपालिकाको वैठक बसी विनियोजन गरिनेछ ।

**निर्णय नं. :-४**

आ.व.०७५/७६मा यस भोटखोला गाउँपालिकामा प्राप्त हुने स्वास्थ्या,शिक्षा,कृषि तथा पशु स्वास्थ्य तर्फ केन्द्रिय सरकार प्राप्त सशर्त अनुदान रु ५,७२,००,०००/-अक्षरी रु पाँच करोड बहत्तर लाख रकम तोकिए अनुसारको कार्यक्रम तथा योजनामा खर्च हुने निर्णय पारित गरियो ।

**निर्णय नं. :- ५**

आ. व. ०७४/७५ मिती २०७४/११/१३ गते बसेको भोटखोला गाउँ कार्यपालिका अर्न्तगत गठन भएको पदपुर्ति समितीका संयोजक तथा भोटखोला गाउँपालिकाका अध्यक्ष श्री तेम्वा भोटे ज्यूको अध्यक्षतामा बसेको वैठकको निर्णय अनुसार भोटखोला गाउँपालिका वडा नं. ४ बस्ने श्री वाङछेजिक भोटेलाई भोटखोला गाउँपालिका वडा नं. ५ अर्न्तगत रहेको वडा कार्यालयमा काम गर्ने गरि करार सम्झौता अनुसार कार्यालय सहयोगीमा नियुक्ति गरिएको मा नीज वाङछेजिक भोटे सो मिती भन्दा अगाडी देखि LGCDP अर्न्तगत साविक हटिया गा. वि. स. मा सामाजिक परिचालकको रुपमा कार्यरत रहेको मा पुन : नीजलाई सामाजिक परिचालक पदमा नै रहि भोटखोला गाउँपालिका वडा नं. ४ र ५ मा काम गर्ने गरि करार सम्झौता गर्ने र खाली भएको कार्यालय सहयोगी पदमा गाउँ कार्यपालिकाको बैठकबाट कार्यालय सहयोगी पदमा भोटखोला गाउँपालिका वडा नं. ५ को स्थायी बासिन्दा तथा कम्तिमा १२ कक्षा पास गरेका योग्य व्यक्तिलाई नयाँ करार संम्झौता गरि कामकाज लगाउने निर्णय पारित गरियो ।

**निर्णय नं. :- ६**

भोटखोला गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत गाउँपालिका अर्न्तगत करार नियुक्ती पाई कामकाज गर्दै आउनुभएका प्राविधिक तथा कार्यालय सहयोगी कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको महँगी भत्ता, नियमानुसारको पोशाक भत्ता, चाडबाँढ खर्च तथा कार्यालयको कामको शिलशिलामा कार्यालय भन्दा बाहिर रात विताउन परेमा तोकिए बमोजिमको दैनिक भ्रमण भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. :- ७**

भोटखोला गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा सदस्य ज्यूहरुलाई कार्य पालिकाको कार्यालयमा रहँदा तथा बैठकमा बस्दा एकरुपता कायम गराउनको लागि मौसम अनुसारको पोषाक

लगाउनको लागि प्रति सदस्य रु २०,०००/- अक्षेरी रु वीस हजार तथा कर्मचारीको हकमा नेपाल सरकारले तोके बमोजिम हुने छ । कपडाको रङ्ग तथा पोषाकको प्रकार कार्यपालिका बैठकले तोके बमोजीम हुने र कर्मचारीहरुको हकमा नेपाल सरकारले तोके बाहेक थप जाडोमा लगाउने डाउन ज्याकेट थान- १, उनीको स्वीटर थान- १, र फिल्ड हिड्न उपयुक्त हुने जुत्ता जोर- १ उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. :- ८**

भोटखोला गाउँ कार्यपालिका अर्न्तगत करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको करार सम्झौता मिती २०७६ साल असार मसान्त सम्मको लागि म्याद थप गरि करार सम्झौता गर्ने तथा LGCDP अर्न्तगतका भोटखोला गाउँ कार्यपालिकामा रहेका प्रविधि तथा सुचना अधिकृत र सामाजिक परिचालकहरुको सन्दर्भमा नेपाल सरकार तथा प्रदेश सरकारको निर्णय अनुसार गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. :- ९**

भोटखोला गाउँपालिका कार्यालय अर्न्तगत कार्यरत रहेका निजामति सेवा ऐन अर्न्तगतका स्थाई पदमा कार्यरत कर्मचारीहरु प्रमुख प्रशासकिय अधिकृत, नायब सुव्वा, लेखापाल तथा खरिदारहरुको सम्बन्धमा भोटखोला गाउँपालिका हिमाली जिल्ला अर्न्तगत अति दुर्गम स्थानमा रहेको र माथी उल्लेखित कुनै पनि कर्मचारीहरु भौगोलिक विकटताको कारणबाट आउन नमान्ने र भएकै सिमित कर्मचारीहरुबाट उनीहरु को मनोवल उच्च राख्दै उत्प्रेणा जगाई चुस्त दुरुस्त वडा लगायत कार्यपालिकाको कार्य संचालन गर्नु पर्ने भएको, विगतमा समेत नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट ५०% थप सुविधा उपलब्ध भईरहेको व्यहोरा अवगत गराउदै गत आ. व. मा समेत कार्यपालिकाको निर्णयबाट २०% थप सुविधा उपलब्ध गराईएको हुँदा यस आ. व. ०७५/७६ मा समेत सो सुविधा निरन्तररुप उपलब्ध गराउने साथै वडा सचिवहरुलाई थप वडाहरुको काम गरे वापत उपलब्ध गराउदै आएको मासिक रु ४,०००/- अक्षेरी रु चार हजार मात्र थप पारिश्रमिक उपलब्ध गराउने निर्णय पारित गरियो ।

**निर्णय नं. :- १०**

भोटखोला गाउँ कार्यपालिकाको आर्थिक कार्यविधी, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तपशिल अनुसारको खरिद इकाई गठन गर्ने र कार्यालय संचालनको सर्न्दभमा २०७५ श्रावण देखि खरिद भएका फर्निचर, मेशिनरी औजार, कार्यालय सामान छपाई तथा ढुवानी, बैठक भत्ता र सो संग सम्बन्धित अन्य खर्च, दैनिक भ्रमण भत्ता तथा पदाधिकारीहरुको सेवा सुविधा यसै नियमावली अनुसार खर्च भएको मानिने निर्णय पारित गरियो ।

**तपशिल** :-

१) संयोजक :- योजना तथा प्रशासन शाखा प्रमुख ।

२) सदस्य :- आर्थिक प्रशासन शाखा प्रमुख ।

३) सदस्य :- भण्डार शाखा प्रमुख ।

**निर्णय नं. :- ११**

यस भोटखोला गाउँपालिकामा हाल सम्म नेपाल सरकार स्थानीय तह संचालन निर्देशिका २०७४ मा उल्लेखित कर्मचारीहरुको दरबन्दी तेरिज अनुसार कर्मचारीहरु पदपुर्ति हुन नसकि दैनिक प्रशासनिक कार्य लगाएत अन्य कार्य गर्न समेत नसकिएको तितो यर्थाथ स्मरण गर्दै नेपाल सरकार, प्रदेश सरकार तथा लोकसेवा आयोग समेतलाई दरबन्दी तेरिज अनुसारको कर्मचारीहरु माग गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. :- १२**

यस भोटखोला गाउँपालिकाको दोस्रो गाउँसभा बैठकबाट निर्णय हुन छुटफुट भएका बिषयहरुमा विगत गाउँसभा बैठक तथा कार्यपालिका बैठकले गरेका निर्णयहरुलाई आधारमानी कार्यन्वयन गर्ने, दोस्रो गाउँसभा बैठकबाट पारित निती तथा कार्यक्रम, योजना तथा आयोजना, विभिन्न कार्यक्रमहरु र सो संग सम्बन्धित बजेट र शिर्षकहरुको परिधीभित्र रहि योजना तथा कार्यक्रमहरुको छनौट, कार्यन्वयन, अनुगमन तथा निरिक्षण र योजना तथा बजेट हेरफेर गर्ने अधिकार गाउँपालिकाका अध्यक्ष लगायत कार्यपालिकालाई अधिकार प्रयायोजन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. :- १३**

आ. व. ०७५/०७६ तथा आगमी आ. व. ०७६/७७ को लागि यस भोटखोला गाउँपालिका अर्न्तगत कार्यरत तपशिल अनुसारका संघ/संस्थाहरुको तपशिल अनुसारका योजना तथा कार्यक्रमहरु पारित गर्ने तथा प्रत्येक चौमासिक भित्र उक्त संघ/संस्थाहरुले गाउँ कार्यपालिका मा समिक्षा गोष्ठी राखी प्रगति विवरण पेश गर्नु पर्ने निर्णय पारित गरियो ।